# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

१ नं प्रदेश, नेपाल

०२५५८४५५९
०२५५८००४६

प.स. २०७६।०७७

च.न.

मिति २०७६।१०।१३

### इटहरी उपमहानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

### प्रथम पटक प्रकाशित मिति : २०७६।१०।१४

इटहरी उपमहानगरपालिकाद्वारा आ.व. २०७६।७७ का लागि आर्थिक ऐनको दफा ८ तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(ग) अनुसार आन्तरिक आय ठेक्काद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला कम्पनी वा फर्महरुले देहायका शर्त तथा बन्देजको अधिनमा रही बोलपत्र तपशिल बमोजिमको मिति र समयभित्र खरिद गरी इटहरी उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि www.itaharimun.gov.np मा हेर्न सकिने छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का को अवधि | न्यूनतम ठेक्का अंक (रु.) (मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर (रु.) | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०६।२०७६।०७७ | होर्डिङ्गबोर्ड विज्ञापन कर ठेक्का | ३ वर्ष | २०,३१,००० (बिस लाख एकत्तिस हजार मात्र) वार्षिक | ३,०००(तिन हजार मात्र ) | २०७६।११।१४ गते ५:०० बजे सम्म | २०७६।११।१५ गते दिनको १२:०० बजे सम्म | २०७६।११।१५ गते दिनको २:०० बजे सम्म |

शर्तहरु

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) कर शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नुपर्नेछ ।

कृष्ण प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

२. बोलपत्र साथ जमानत बापत गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खाता नं. ग-३०५९०३००००००००३०००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समयभित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा गरिनेछ ।

४. रितपूर्वक दाखिला भएको शिलबन्दी बोलपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

६. बोलपत्र खरिद गर्न र पेश गर्न प्यान र मूल्य अभिवृद्धी कर दर्ता प्रमाण पत्र, २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्र, २०७७ असार मसान्त सम्म नविकरण भएको इजाजत पत्र र स्थानीय तहमा २०७७ असार मसान्तसम्म नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने छ ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस उपमहानगरपालिकामा सुरक्षित रहने छ ।

८. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिनेछ ।

९. यस सूचनामा उल्लेख भएका सर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१०. विस्तृत जानकारीको लागि www.itaharimun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत